# द्वन्द्वपीडित व्यक्तिहरुको सबलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावनाः** सङ्घीय लोकतन्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न समयमा भएका सशस्त्र सङ्घर्ष र द्वन्द्वमा परी घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई सबलीकरण गर्न सीपमूलक तालिम, बिउपूँजी र तालिमसँग सम्बन्धित उपकरण प्रदान गरी स्वरोजगार बनाउने उद्देश्यले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाइ लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "द्वन्द्व पीडितका लागि सबलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "आवेदक" भन्नाले द्वन्द्व पीडित भनी जिल्ला प्रशासन कार्यालयको सूची बमोजिमका व्यक्ति वा निजको एकाघरको परिवारका सदस्य भनी स्थानीय तहबाट सिफारिस प्राप्त व्यक्ति वा संस्थालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "अनुदान" भन्नाले द्वन्द्व पीडित सवलीकरण कार्यक्रम शिर्षकमा रहेको बजेटमा बिनियोजित रकम मध्येबाट कार्यविधिमा तोकिए बमोजिमको रकमलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "मेशिन तथा उपकरण" भन्नाले आवेदकले उद्यमशीलता तथा रोजगारी अभिवृद्धि गर्ने हेतुले आफनो रुची र क्षमता अनुसार स्वरोजगार बन्न आफूले प्राप्त गरेको अनुदानबाट खरिद गरिएको मेशिन तथा उपकरणलाई सम्झनु पर्छ।

(च) "तालिम" भन्नाले सीपमूलक तालिमलाई सम्झनु पर्छ।

(छ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका प्राइभेट कम्पनी, पब्लिक कम्पनी, मुनाफा बितरण नगर्ने कम्पनी वा सहकारी वा फर्म वा गैरसरकारी संस्था समेतलाई सम्झनु पर्छ।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

## परिच्छेद- २

## सूचना आव्हान र छनौट

३. **सूचना आव्हानः** (१) उद्यमशिलता प्रवर्द्धन गरी स्वरोजगार हुन चाहने आवेदक र सीप सिकाई स्वरोजगार बनाउन सक्ने संस्थालाई कार्यालयले (पन्ध्र) १५ दिनको अवधि राखी प्रस्ताव पेश गर्न आमसञ्चारका माध्यम र कार्यालयको वेवसाइटमा सूचना आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएको मितिले (पन्ध्र) १५ दिन भित्र अनुसूची-१ बमोजिमको ढाँचामा आवेदक र सीप सिकाई स्वरोजगार बनाउन सक्ने संस्थाले प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव पेश गर्दा देहायबमोजिमका कागजात पेश गर्नुपर्ने छः-

(क) सीप सिकाई स्वरोजगार बनाउन सक्ने संस्था /फर्म दर्ताको प्रमाणपत्र,

(ख) कर दर्ता प्रमाणपत्र

(ग) संस्थाको हकमा कर चुक्ता प्रमाण

(घ) संस्थाको हकमा प्रतिव्यक्ति प्रति महिना सीप सिकाउन लाग्ने लागत

(ङ) व्यक्तिको हकमा उपकरण खरिद गर्ने लागत अनुमान

(च) सीप सिकेर आफै उद्यमी बन्न वा रोजगारीमा जाने खुलेको पत्र

(४) उपदफा (३) बमोजिम प्राप्त भएका आवेदनको दफा ५ बमोजिमको समितिले (पन्ध्र) १५ दिन भित्र प्रस्ताव छनौट गर्नु पर्नेछ।

(५) दफा ५ बमोजिमको समितिले छनौट गरेका आवेदक र सीप सिकाई स्वरोजगार बनाउन सक्ने संस्थाको सूची कार्यालयको वेवसाइटबाट सार्वजनिक जानकारी गराउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम छनौट भएका आवेदकले (पन्ध्र) १५ दिन भित्र कार्यालयमा सम्पर्क गर्न पर्नेछ।

(७) उपदफा (६) बमोजिम (पन्ध्र) १५ दिन भित्र कार्यालयको सम्पर्कमा नआएमा दोस्रो चरणको सूचना प्रकाशित गरी कार्यालयले अनुदानको प्रक्रिया अगाडि बढाउन सक्नेछ।

४. **संस्था छनौटको आधारः** (१) संस्था छनौट गर्न देहाय बमोजिमको अंकभार हुनेछः-

(क) संस्थामा आबद्ध व्यक्तिको योग्यता र क्षमता -३०

(ख) कम्तिमा २० जनालाई सीप सिकाई स्वरोजगार बनाउने संस्था भएमा -१५

(ग) महिला वा अपाङता भएका व्यक्तिबाट सञ्चालित संस्था भएमा -१०

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल



सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(घ) उत्पादित सामग्री बिदेशमा निर्यात गर्ने वा गर्ने योजना भएको संस्था भएमा -१५

(ङ) स्वरोजगार व्यक्तिबाट उत्पादित सामग्री स्वदेशमा बिक्री गर्ने वा गर्ने योजना भएको संस्था भएमा -१०

(च) ग्रामिण क्षेत्रलाई प्राथमिकता दिएर काम गरेको वा गर्ने योजना भएको संस्था भएमा -१०

(छ) संस्थामा आबद्ध व्यक्तिको कार्य अनुभव -२०

(२) आवेदक स्वंयम स्वरोजगार हुन चाहेमा देहाय बमोजिम अंक प्रदान गरिनेछ:-

(क) तीन जना भन्दा बढी व्यक्तिलाई रोजगारी दिन सक्ने परियोजना भएमा -१५

(ख) तीन जना भन्दा कम व्यक्तिलाई रोजगारी दिन सक्ने परियोजना भएमा -१०

(ग) प्रस्ताव पेश गर्ने व्यक्तिको अनुभव वा सीप सिकेको प्रमाण पेश भएमा -२५

(घ) प्रस्ताव पेश गर्ने व्यक्तिको अनुभव भएको तर सीप सिकेको प्रमाण नभएमा -१५

(ङ) प्रस्ताव पेश गर्ने व्यक्तिको अनुभव र सीप दुवै नभएमा -१०

(च) प्रस्ताव पेश गर्ने महिला वा अपाङता भएको व्यक्ति भएमा -१५

(छ) द्वन्द्व पीडितको प्रकृति खुलाएको प्रमाण पेश भएमा -२०

५. <u>प्रस्ताव छनौट, अनुदान रकम निर्धारण र अनुगमन समितिः</u> (१) प्रस्ताव छनौट, अनुदान रकम निर्धारण र अनुगमन गर्न देहाय बमोजिम समिति रहनेछ:-

(क) कार्यालयको प्रमुख -संयोजक

(ख) मन्त्रालयको प्रतिनिधि -सदस्य

(ग) सम्बन्धित जिल्ला प्रशासन कार्यालय (द्वन्द्व पीडित विषय हेर्ने शाखा) को प्रतिनिधि- -सदस्य

(घ) सम्बन्धित जिल्लामा द्वन्द्व पीडितको क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि -सदस्य

(ङ) कार्यालयको अधिकृत -सदस्य-सचिव

परिच्छेद- ३

<u>बजेट</u>

६. <u>बजेट व्यवस्थाः</u> कार्यविधिमा उल्लेखित क्रियाकलाप सञ्चालन गर्न मन्त्रालयको क्रम संख्या ३.७.२८.७१ खर्च शिर्षक २२५२९ मा रहेको द्वन्द्व पीडित व्यक्तिहरुको सवलीकरण कार्यक्रमका



सचिव
मा. गंगानारायण श्रेष्ठ
मन्त्री

लागि विनियोजित बजेट दफा २ को खण्ड (ख) बमोजिम तोकिएको कार्यालयलाई अख्तियारी दिनु पर्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद- ४
## कार्यक्रम सञ्चालनको लागि अनुदान र बिउँ पुँजी

७. <u>अनुदान रकमको सीमाः</u> अनुदान रकमको सीमा घटीमा एक लाख रुपैयादेखि बढीमा २ लाख ५० हजार रुपैयासम्म रहनेछ।

८. <u>अनुदान रकमको निकासाः</u> (१) आवेदकलाई प्रस्ताव स्वीकृत भएको मितिले ७ दिन भित्र ३० प्रतिशत रकम कार्यालयले आवेदकको बैंक खातामा निकासा दिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयबाट ३० प्रतिशत अनुदान पाएपछि आवेदकले कार्यक्रम सञ्चालनमा आएको प्रमाण खुल्ने तस्विर समेतका प्रमाणहरु कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका प्रमाण पेश गरेको १५ दिन भित्र कार्यविधि बमोजिमको काम गरेको सुनिश्चित गर्ने गरी अन्तिम किस्ताको ७० प्रतिशत रकम भुक्तानीका लागि आवेदन दिनु पर्नेछ।

९. <u>बिउँपुँजी उपलब्ध गराउन सकिने:</u> (१) आवेदकले मेशिन तथा उपकरण खरिद गरेको सुनिश्चित गरी उत्पादन हुने वस्तु तथा सेवाका लागि चाहिने कच्चा पदार्थ खरिद गर्न बिउँ पुँजीको लागि कार्यालय समक्ष आवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदन प्राप्त भएको मितिले १५ दिन भित्र कार्यालयले अनुगमन गरी आवश्यकता र औचित्य समेत खुलाई बिउँपुँजी बापत रु ५० हजार आवेदकको बैंक खातामा पठाउन सक्नेछ।

## परिच्छेद- ५
## तालिम लिन सक्ने

१०. <u>तालिम प्रदायक निकायसँग समन्वय गरी तालिम कार्यक्रम सञ्चालन गर्न सक्ने:</u> (१) दफा ५ बमोजिमको समितिबाट छनौट भई अनुदान प्राप्त गर्न योग्य आवेदकको मागका आधारमा कार्यालयले तालिम प्रदायक निकायसँग समन्वय गरी तालिम कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) तालिम दिने संस्थाको छनौट सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ।

(३) यो कार्यविधि स्वीकृत हुन अघि तालिम लिएका आवेदकले मेशिन तथा उपकरण खरिद र बिउँपुँजीका लागि अनुदान रकम प्राप्त गर्न यो कार्यविधिमा बाधा पुगेको मानिने छैन।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(४) तालिम प्राप्त आवेदकले दफा ७ र ९ बमोजिम प्राप्त गर्ने सुविधा लगानी गरी सामूहिक रुपमा उद्यमशिलता गर्न चाहेमा उनीहरुको संलग्नता रहेको कानूनबमोजिम दर्ता भएको संस्थाको खातामा प्रति आवेदक बापत प्राप्त गर्ने सुविधा नबढ्ने गरी कार्यालयले एकमुष्ठ भुक्तानी गर्न सक्नेछ।

(५) दफा ७ र ९ बमोजिमको सुविधा लगानी गरी सामूहिक रुपमा उद्यमशीलता गर्न चाहेमा आवेदकले नीजि क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद- ६

## अनुगमन

११. **अनुगमनः** (१) आवेदकले कार्यक्रम सञ्चालन गरेको तीन महिना भित्र अनुगमन समिति वा कार्यालयले तोकेका अधिकारीलाई कार्यस्थलमा अनुगमनमा पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समिति वा टोलीले कार्यालयले तयार गरेको ढाँचाको विवरण स्वरोजगार उद्यमी वा र संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त विवरणका आधारमा अनुगमनमा जाने टोलीले कार्यक्रमको प्रभावकारीताका सम्बन्धमा कार्यालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुगमन प्रतिवेदनलाई कार्यालयले मन्त्रालय समक्ष पठाउनु पर्नेछ।

(५) उपदफा (४) प्राप्त प्रतिवेदनलाई मन्त्रालयले आफनो नीति तथा कार्यक्रममा समावेश गर्ने आधार बनाउन सक्नेछ।

## परिच्छेद- ७

## विविध

१२. **आवेदक हुन पाउनेः** तालिम लिएका वा नलिएका तर मेशिन चलाउन सक्ने सीप भएका आवेदक यो कार्यक्रममा सहभागी हुन योग्य हुनेछन्।

१३. **स्थानीयतहसँग समन्वय गर्न सकिनेः** स्थानीय तह वा प्रदेश वा सङ्घका अन्य निकायको सहयोगमा तालिम प्राप्त गरेका द्वन्द्व पीडितलाई सम्बन्धित निकायको सिफारिसमा यस कार्यविधि बमोजिम मेशिन उपकरण र बिउँपुँजी उपलब्ध गराउन बाधा पर्ने छैन।

१४. **बजारीकरणः** (१) यो कार्यक्रम अन्तर्गत उत्पादित सामग्री बजारीकरणको प्रचार प्रसारमा कार्यालयले सहयोग गर्नेछ।

(२) उपदफा (१) बमोजिम बजारीकरणका लागि कार्यालयले आमसञ्चारका माध्यम, सामाजिक सञ्जाल र सरकारी निकाय मार्फत प्रचार प्रसारमा योगदान गर्न सक्नेछ।

सचिव

डा. गंगानारायण श्रेष्ठ
मन्त्री

(३) कुनै व्यक्ति वा संस्थाले आवेदकले उत्पादन गरेका सामग्री खरिद गर्ने सुनिश्चित आधार प्रस्तुत गरेमा ती सामग्री राखेर बिक्री गर्ने कोशेली घर वा बिक्री केन्द्रको भाडा बापतको रकम एक वर्षका लागि तिरि दिने गरी कार्यालयले सम्झौता गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको भाडा बापतको रकम प्राप्तिका लागि प्रत्येक आर्थिक वर्ष पुनः सम्झौता गर्नुपर्नेछ।

(५) आवेदकले उत्पादन गरेका सामग्री खरिद नगरेमा उक्त कोशेली घर बिक्री केन्द्रसँग गरिएको सम्झौता स्वत रद्द गरिएको मानिनेछ।

१५. **रोजगारीमा प्राथमिकताः** प्रदेश सरकार अन्तर्गतका निकायमा करारमा नियुक्त गर्नु पर्ने भएमा यस कार्यविधि बमोजिम तालिम प्राप्त जनशक्तिलाई प्रचलित सार्वजनिक खरिद ऐन, नियमको प्रतिकुल नहुने गरी प्राथमिकता दिन सकिनेछ।

१६. **कार्यक्रममा सहभागिताः** यो कार्यक्रममा बागमती प्रदेशका १३ वटै जिल्लामा स्थायी बसोबास भएका आवेदकहरु सहभागिता जनाउन योग्य हुनेछन्।

१७. **साइनबोर्ड राख्नुपर्नेः** यो कार्यक्रममा सहभागी भई व्यवसाय तथा उद्यमशिलता गरेकाहरुले आफनो व्यवसायमा मन्त्रालय र कार्यालयद्वारा प्रवर्द्धित भनेर साइनबोर्ड राख्न सक्नेछन्।

१८. **कार्यक्रम कार्यान्वयनः** यस कार्यविधिमा उल्लेखित प्रकृतिको सुविधा दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

१९. **बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

दफा २ को उपदफा (२) सँग सम्बन्धित

**आवेदकले दिने प्रस्तावको ढाँचा**

श्रीमान् कार्यालय प्रमुखज्यू,
बामगती प्रदेश, हेटौंडा

विषयः द्वन्द्व पीडित सवलीकरण कार्यक्रममा सहभागी हुने बारे।

१. **व्यक्तिको हकमा**

महिला ☐ पुरुष ☐

(क) नामः-

(ख) ठेगानाः-

(ग) बसोबास गरिरहेको ठेगानाः-

(घ) मोबाइल नम्बरः-

(ङ) इमेल ठेगानाः-

(च) शैक्षिक योग्यताः-

(छ) सिक्न चाहेको सीपः-

(ज) स्वरोजगार हुने प्रस्तावः-

(झ) उत्पादन गर्न चाहेको सामग्रीः-

(ञ) कच्चा पदार्थः-

(ट) यस अघि सीपः- सिकेको ☐ नसिके ☐

(ठ) द्वन्द्व पीडितको किसिमः-

(ड) लिन चाहेको उपकरण मेशिनः-

(ढ) उपकरण उपयोग गर्दा रोजगारी दिन सकिने संख्याः-

(ण) उपकरण उपयोग गर्दा हुने लाभः-

**आवेदकका साथ संलग्न राख्नुपर्ने कागजात**

(१) नागरिकताको प्रमाणपत्र

(२) सीप सिकेको भए प्रमाणपत्र

(३) शैक्षिक योग्यताको प्रमाणपत्र

(४) जिल्ला प्रशासन कार्यालयको अभिलेख बमोजिम सम्बन्धित द्वन्द्व पीडित वा द्वन्द्व पीडितको परिभाषा भित्र पर्ने नाता प्रमाणित हुने गरी सम्बन्धित स्थानीयतहको सिफारिस पत्र

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

२. <u>संस्थाको हकमा</u>

(क) संस्थाको नामः-

(ख) ठेगानाः-

(ग) सम्पर्क व्यक्तिको नाम र फोन नं.:-

(घ) संस्था प्रमुखको नामः-

(ङ) सामग्री उत्पादन गर्ने कारखाना रहेको ठेगानाः-

(च) इमेल ठेगनाः-

(छ) संस्थामा कार्यरत जनशक्ति (स्वदेशी/विदेशी) संख्याः-

(ज) सीप सिकाइ स्वरोजगार बनाउने क्षमताः-

(झ) उपयोग गर्ने कच्चा पदार्थः-

(ञ) संस्थाबाट उत्पादित सामग्रीको बजारः- स्वदेशी ☐ विदेशी ☐

(ट) संस्थाको कार्य अनुभवः-

(ठ) सिकाउन सक्ने सीपः

(ड) सीप सिकाउने स्थानः-

<u>संस्थाको हकमा संलग्न राख्नु पर्ने कागजात</u>

(१) संस्था दर्ता प्रमाणपत्र

(२) भ्याटमा दर्ता प्रमाणपत्र

(३) संस्थाको प्रबन्धपत्रमा रहेको उद्देश्य

(४) कर चुक्ता प्रमाणपत्र

(५) संस्थाको कार्यअनुभवको कागजात

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री